1st of Sept, 2024

National News

मुख्य समाचार

- राष्ट्रपतिले दिनुभयो पेरिस पाराओलम्पिकमा कास्य पदक जितेकी रुबिना फ्रान्सिसलाई बधाई
- कोलकातामा कथित महिला डाक्टरसँग भएको दुश्कर्मको उपराष्ट्रपतिले गर्नुभयो निन्दा
- अबको तीन महिनामा यात्रुहरुले वन्दे भारत सयन-यान बोगीको नयाँ संस्करणको फाइदा लिन सक्ने
- आरक्षण कोटा बढाउन राज्यको व्यवस्थापिका-को स्वीकृतिलाई लागू गरिनुपर्ने बिहारको विपक्षी दलको माग
- जारी पेरिस पारा ओलम्पिकमा भारत एउटा स्वर्ण, एउटा रजत र तीनवटा कास्य पदकसहित 22औँ स्थानमा

राष्ट्रपति द्रौपदी मुर्मुले आज विचाराधीन मुद्दाहरूलाई कम गर्नु न्यायपालिकाका लागि ठूलो चुनौती भएको

राष्ट्रपति द्रौपदी मुर्मुले आज विचाराधीन मुद्दाहरूलाई कम गर्नु न्यायपालिकाका लागि ठूलो चुनौती भएको बताउनुभएको छ। नयाँ दिल्लीमा राष्ट्रिय जिल्ला न्यायिक सम्मेलनलाई सम्बोधन गर्दै राष्ट्रपतिले सबै सरोकारवालाहरू एकजुट भएर विचाराधीन मुद्दाहरूको समाधान खोज्नुपर्ने बताउनुभयो। यस अवसरमा केन्द्रीय कानून तथा न्याय मन्त्री श्री अर्जुन राम मेघवालले नागरिकका लागि न्याय प्रणालीको राम्रो इकोसिस्टम उपलब्ध हुनुपर्ने बताउनु भएको छ। यसरी नै भारतका प्रधानन्यायाधीश धनञ्जय चन्द्रचुडले विचाराधीन मुद्दाहरू कम गर्नका लागि गठित समितिले ती मुद्दाहरू समाधानका लागि कार्ययोजना बनाउन रूपरेखा तयार गरेको बताउनुभयो। प्रधानन्यायाधीशले सर्वोच्च अदालतले भर्खरै पहिलो राष्ट्रिय लोक अदालत सम्पन्न गरेको पनि बताउनु भएको छ। यसमा लगभग एक हजार मुद्दा पाँच कार्यदिवसभित्रै सौहार्दपूर्ण ढंगले टुंग्याएको पनि उहाँले जानकारी गराउनुभयो।

राष्ट्रपतिले दिनुभयो पेरिस पाराओलम्पिकमा कास्य पदक जितेकी रुबिना फ्रान्सिसलाई बधाई

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले पेरिस पाराओलम्पिकमा महिला 10 मिटर एयर पिस्टलमा कास्य पदक जितेकी रुबिना फ्रान्सिसलाई बधाई दिनुभएको छ। राष्ट्रपतिले सामाजिक सञ्जाल पोष्टमा रुबिनाको जितसगं भारतको सुटिङमा यो चौथो पदक भएकाले सुटिङ भारतको

उत्कृष्टता प्रदर्शन गर्ने खेल रहेको बताउनुभयो। राष्ट्रपतिले रुविनाको सफलताले विशेषगरी विकलाङ्गहरुलाई प्रेरणा दिने बताउनुभयो। प्रधानमन्त्री श्री नरेन्द्र मोदीले पनि रुबिना फ्रान्सिसलाई उनको सफलताको लागि बधाई दिनुभएको छ। एक सामाजिक सञ्जाल पोस्टमा, उहाले यसलाई देशको लागि गर्वको क्षण र यो पदक रुबिना फ्रान्सिसको दृढ संकल्पको परिणामको रहेको बताउनुभयो। केन्द्रीय युवा मामिला तथा खेलकुद मन्त्री डा. मनसुख मण्डावियाले पनि रुबिनालाई बधाई दिनुभएको छ। सामाजिक सञ्जालमा उहाले रुबिनाले देशलाई शूटिङमा गर्व गर्ने अवसर दिएको बताउनुभयो।

आजदेखि देशभरी राष्ट्रिय पोषण सप्ताह मनाइँदैछ

आजदेखि देशभरी राष्ट्रिय पोषण सप्ताह मनाइँदैछ। यो हरेक वर्ष 1 देखि 7 सेप्टेम्बरसम्म मनाइन्छ। यो वार्षिक कार्यक्रम सन् 19 सय ब्यासीमा महिला तथा बाल विकास मन्त्रालयको खाद्य तथा पोषण बोर्डले सुरु गरेको हो।

कोलकातामा कथित महिला डाक्टरसँग भएको दुश्कर्मको उपराष्ट्रपतिले निन्दा

कोलकातामा एक कथित महिला डाक्टरसँग भएको घटनाको उपराष्ट्रपति श्री जगदीप धनकरले निन्दा गर्नुभएको छ। उहाले यस्ता अपराधमा संलग्न दोषीलाई छिट्टै कारबाही गर्न संयन्त्र बनाउन आग्रह पनि गर्नुभयो। आज उत्तराखण्डको aims ऋषिकेशका विद्यार्थी र प्राध्यापकहरूलाई सम्बोधन गर्दै श्री धनखरले यस्ता जघन्य अपराध गर्ने अपराधीहरूलाई कारबाही गर्नुपर्नेमा जोड दिनुभयो। उहाले डाक्टर, नर्स, कम्पाउण्डर र स्वास्थ्यकर्मीको सुरक्षामा पनि जोड दिनुभयो। यसअघि आफ्नो दुईदिने भ्रमणको दोस्रो दिन आज उपराष्ट्रपतिले नेशनल इन्डियन मिलिटरी कलेज RMIC का क्याडेटहरूलाई सम्बोधन पनि गर्नुभएको थियो। उहाले कन्या विद्यार्थीहरुलाई सैन्य विद्यालयमा भर्ना गर्ने निर्णयको प्रशंसा गर्नुभयो। उहाले यो निर्णयले लैङ्गिक समानता र लैङ्गिक न्यायको क्षेत्रमा महत्वपूर्ण कदम चालेको देखाएको बताउनुभयो। राष्ट्रिय हितलाई जुनसुकै अवस्थामा सर्वोपरि राख्नुपर्नेमा जोड दिँदै उपराष्ट्रपतिले RIMC का क्याडेटहरूलाई निर्भयता र गर्वका साथ राष्ट्रको सेवा गर्न आह्वान गर्नुभयो। यसअघि श्री धनखडले कलेज क्याम्पसमा वृक्ष रोपन गरेर वातावरण संरक्षणको महत्वलाई जोड दिनुभएको थियो।

## अबको तीन महिनामा यात्रुले वन्दे भारत सयन-यान बोगीको नयाँ संस्करणको फाइदा लिन सक्ने

रेल, सूचना तथा प्रसारण, विद्युत र सूचना प्रविधि मन्त्री श्री अश्विनी वैष्णिवले आज बेंगलुरुको BEML परिसरमा नवनिर्मित वन्दे भारत सयन-यान बोगीको निरीक्षण गर्नुभयो। उहाँले वन्दे भारत सयन-यान बोगीको नयाँ संस्करण परीक्षणका लागि तयार रहेको र केही दिनमा संयन्त्रबाट बाहिरिने बताउनुभयो। अबको तीन महिनामा यात्रुले यसको फाइदा लिन सक्ने उहाँले थप बताउनुभयो। चेयरकारको अनुभवका आधारमा वन्दे भारत सयन-यान बोगीमा धेरै सुधार गरिएको उहाले जानकारी दिनुभयो। केन्द्रीय मन्त्रीले वन्दे भारत मेट्रो रेलको परीक्षण पनि भइरहेको बताउनुभयो। स्वदेशी रूपमा निर्मित वन्दे भारत सयन-यान बोगीमा सिट र भित्री सजावट, वाताअनुकूलित प्रणाली, टक्कर प्रतिरोधी आर्मर, यात्रु सुरक्षा उपायहरू र आगलागी नियन्त्रणका उपायहरू अनि यात्रुहरूका लागि सुविधाहरूमा सुधार गरिएको छ। वन्दे भारतको यस संस्करणमा 16 बोगी र 8 सय 83 सिट हुनेछन्।

## बिहारको विपक्षी दलको आरक्षण कोटा बढाउन राज्यको व्यवस्थापिका-को स्वीकृतिलाई लागू गरिनुपर्ने माग

बिहारको विपक्षी दल राष्ट्रिय जनता दलले जातीय जनगणनाको माग गर्दै आज प्रदर्शन गरेको छ। आरक्षण कोटा बढाउन बिहारको व्यवस्थापिका-को स्वीकृतिलाई पनि लागू गरिनुपर्ने पार्टीको माग रहेको छ। बिहार व्यवस्थापिकाको अनुमोदन संविधानको नवौँ अनुच्छेद अन्तर्गत भएकोले यसमा न्यायिक समीक्षा गर्नुपर्ने बाध्यता नरहेको पार्टीको भनाइ रहेको छ। राष्ट्रिय जनता दलका वरिष्ठ नेता तथा राज्य विधानसभाका बिपक्षी दलका नेता श्री तेजस्वी यादवले पनि पटनामा भएको विरोध प्रदर्शनमा भाग लिनुभएको थियो। यही मागलाई लिएर अन्य दलका नेताहरूले पनि जिल्ला मुख्यालयाकमा प्रदर्शन गरेका छन्।

## जारी पेरिस पारा ओलम्पिकमा भारत एउटा स्वर्ण, एउटा रजत र तीनवटा कास्य पदकसहित 22औँ स्थानमा

पेरिस पाराओलम्पिकको आज चौथो दिनमा पारा ब्याडमिन्टन खेलमा भारतका लागि दुईवटा पदक पक्का भएको छ। मनिषा रामदास एसयू–5 वर्गमा महिला एकलको सेमिफाइनलमा प्रवेश गरेकी छन्। अब उनले आफ्नै देशका टी. मुरुगासनको सामना गर्नेछिन्। यी दुई खेलाडीमध्ये जो फाइनल पुगे पनि भारतका लागि कम्तिमा रजत पदक पक्का हुनेछ। पराजित खेलाडीले कास्य

पदकका लागि खेल खेल्नेछन्। यसैगरी पुरुष एकल एसएल–4 को सेमिफाइनलमा सुकान्त कदमले आफ्नै देशका सुहास यतिराजसँग प्रतिस्पर्धा गर्नेछन्। त्यसमा पनि फाइनल पुग्ने खेलाडीको पदक पक्का हुनेछ। पारा एथलेटिक्समा रवि रंगोली पुरुष सटपुट एफ–40 विधाको फाइनलमा पाँचौँ स्थानमा रहेका छन्। अर्कोतर्फ, रक्षिता राजु महिला 1 हजार 500 मिटर टी–11 प्रतियोगिताको प्रारम्भिक चरणबाटै बाहिरिएकी छन्। पारा सुटिङमा अवनी लेखरा 11औँ र siddarth babu मिक्स 10 मिटर एयर राइफल SH–1 इभेन्टमा 28औँ स्थानमा रहेकी छन् भने उनीहरू फाइनलमा पुग्न सकेनन्।

पदक तालिकामा चीन पहिलो, ग्रेट ब्रिटेन दोस्रो र ब्राजिल तेस्रो स्थानमा छ। भारत एउटा स्वर्ण, एउटा रजत र तीनवटा कास्य पदकसहित 22औँ स्थानमा छ।